अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ संख्या १ (३१ आषाढ २०७७)

भाग–१

## बागलुङ नगरपालिका

## "आर्थिक ऐन २०७७"

**प्रस्तावना :**

बागलुङ नगरकार्यपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क दस्तुर तथा महशुल लगाउन, लगाई राखेको कर व्यवस्थालाई चालु राख्न, हेरफेर गर्न र राजश्व प्रशासनलाई समयानुकुल वनाउन समेत वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा ५९, २२६ र २२८ को उपधरा (२) बमोजिम वागलुङ नगर सभाबाट यो ऐन जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(ख) यो विधेयक सभावाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि बागलुङ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर तथा भुमिकर (मालपोत) :**
नगरपालिका क्षेत्रभित्र **अनुसूचि १ र २** बमोजिम सम्पत्ति कर तथा भुमिकर (मालपोत) लगाईने र असूल उपर गरिने छ।

३. **साबिक को मालपोत र घरजग्गा कर :**
साविकको नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लागुहुनु पूर्व मालपोत तथा घरजग्गा कर भुक्तानी गर्न बाँकी बक्यौता रहेको करदाताले साबिक बमोजिमको मालपोत र घरजग्गा कर तिरेपछि मात्र सम्पत्ति कर असुली गरिने छ।

४. **घर बहाल कर :**
नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि ३** बमोजिम घरजग्गा वहालकर लगाइने र असूल गरिनेछ

५. **व्यवसाय कर :**
नगरपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय, सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय दर्ता गरी **अनुसूचि ४** बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ।

६. **जडिबुटि, कबाडी र जीवजन्तु कर :**
नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वांख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवारमा **अनुसूचि ५** बमोजिमको दरमा कर लगाईनेछ।





७. **ठेला रिक्सा टाँगा दर्ता शुल्क :**
नगरपालिका क्षेत्रमा ठेला, रिक्सा, टांगा, दर्ता गरी नम्बर दिए बापत **अनुसूचि ६** बमोजिमको दरमा दर्ता शुल्क लगाईनेछ।

८. **विज्ञापन कर :**
नगरपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि ७** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। उक्त कर रकम विभाज्य कोषमा जम्मा गरी प्रदेश कानुन वमोजिम आम्दानी बाँधीने छ।

९. **मनोरञ्जन कर :**
नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूचि ८** बमोजिम मनोरञ्जन कर लगाईनेछ। उक्त कर रकम विभाज्य कोषमा जम्मा गरी प्रदेश कानुन वमोजिम आम्दानी बाँधीने छ।

१०. **बहाल बिटौरी शुल्क :**
नगरपालिका क्षेत्रभित्र घर, पसल, गोदाम, टहरा, छप्पर, वा कारखाना वा जग्गा वहालमा लगाएकोमा **अनुसूचि ९** मा उल्लेख भए अनुसार वहाल कर लगाईने छ र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा घर पसलहरुमा सोही अनुसूचिमा व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क :**
नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचि १०** बमोजिम पार्किङ शुल्क लगाईनेछ।

**१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र ¥यापटीङ्ग शुल्क :**
नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग सेवा वा व्यवसायमा लगाईने शुल्कको दर प्रदेश सभाले तोके बमोजिम हुनेछ ।

**१३. ढुंगा, गिटी, वालुवा, रोडा र ग्राभेल आदीको विक्रि कर:**
नगर क्षेत्रभित्रको ढुंगा, गिटी, वालुवा रोडा ग्राभेल आदिको विक्रि करको दर प्रदेश कानूनमा तोकिएकोमा तोकिए वमोजिम कायम हुनेगरी नतोकिएसम्मका लागि **अनुसूचि ११** मा व्यवस्था भए बमोजिम हुनेछ । उक्त कर रकम विभाज्य कोषमा जम्मा गरी प्रदेश कानुन बमोजिम आम्दानी बाँधीने छ ।

**१४. सवारी साधन कर :**
नगरपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि १२** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

**१५. सेवा शुल्क, दस्तुर :**
नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनुसूचि १३** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईनेछ ।

**१६. पर्यटन शुल्क :**
नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुमा लगाउने पर्यटन शुल्क प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।





**१७. घरजग्गा रजिष्टेशन शुल्क :**
नगर क्षेत्रको घरजग्गा विक्रि वितरण वा स्वामित्व हेरफेर गर्दा लगाईने रजिष्टेशन शुल्कको दर प्रदेश कानूनमा व्यवस्था भए वमोजिम हुनेछ । सरकारले तोके वमोजिम हुनेछ ।

**१८. साझा अधिकारको सूचीका सम्बन्धमा प्रदेश कानून वमोजिम हुने :**
प्रदेश सरकार र स्थानीय सरकारको साझा अधिकार सूचीमा रहेका करका क्षेत्रहरुको हकमा प्रदेश कानून वमोजिम हुनेछ ।

**१९. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट हुने छैन । तर कोरोना भाईरसको संक्रमणका कारण भएको लकडाउनले पारेको प्रभावलाई मध्यनजर गरी चालु आ.व.को वहाल करको हकमा करछुट लिए दिएको संयुक्त निवेदन पेशहुन आएमा एक महिनाको छुट दिए वरावरको वहाल रकम छुट दिईनेछ । यो सुविधा आ.व.२०७६।०७७ सम्म मात्र कायम रहनेछ ।

आ.व.२०७६।०७७ को व्यवसाय करमा २५ प्रतिशत छुट गरिनेछ तर यो व्यवस्था २०७७ असोज मसान्तसम्म मात्र कायम रहनेछ ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :**
यस ऐनमा उल्लेख भएदेखि वाहेकका करका क्षेत्र तथा करका दरहरु नगरकार्यपालिकाले तोके वमोजिम हुनेछ र यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि र यस ऐनमा उल्लेखित कुनै करका क्षेत्र अन्य स्थानीय तहसंग सम्बन्धित भएमा आपसी समन्वयका आधारमा नगरकार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूची १

## दफा २ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पत्ति करको दर

| करयोग्य सम्पत्तिको मूल्य | दर (वार्षिक) |
|---|---|
| दश लाख रुपैयाँसम्म | पच्चीस रुपैयाँदेखि दुई सय रुपैयाँसम्म |
| दश लाख एक रुपैयाँदेखि वीस लाख रुपैयाँसम्म | दुईसय पचास रुपैयाँदेखि चार सय रुपैयाँसम्म |
| वीस लाख एक रुपैयादेखि तीस लाख रुपैयाँसम्म | पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म |
| तीस लाख एक रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म | एक हजार दुई सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म |
| पचास लाख एक रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | तीन हजार पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म |
| एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | बाह्र हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म |
| दुई करोड एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | पच्चीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म |
| पाँच करोड एक रुपैयाँदेखि माथि | दुई रुपैयाँ प्रति हजार |





## अनुसूची - २

## दफा २ संग सम्बन्धित

### भौतिक संरचनाको वर्गीकरण

१. आर.सि.सि. फ्रेम स्टक्चरका घर

२. सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना

३. माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना

४. सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/एस्वेस्टसको छाना

५. माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/एस्वेस्टसको छाना

६. सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - टायलको छाना

७. कच्ची घर

## दफा ४ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल करको दर

नगर क्षेत्र भित्रका कुनै व्यक्तिले घर, पसल, गोदाम, टहरा, छप्पर, वा कारखाना वा जग्गा वहालमा लगाएकोमा वहाल करको रकममा ६ प्रतिशतले वार्षिक वहाल कर अशुल गरिने छ।

नगर क्षेत्र भित्रका कुनै व्यक्तिले संघ संस्था, कार्यालयलाई घर, पसल, गोदाम, टहरा, छप्पर, वा कारखाना जग्गा वहालमा लगाएकोमा वहाल करको रकममा १० प्रतिशतले वार्षिक वहाल कर अशुल गरिने छ।

घर तथा जग्गा वहालमा दिने घर तथा जग्गा धनीले सम्पत्ति कर

बुझाउने समयमा वहालमा दिएको विवरण वा निस्सा प्रमाण संलग्न गर्नु पर्नेछ ।

४. घर तथा जग्गा धनीले दिएको वहालको विवरणमा चित्त नबुझेमा राजश्व शाखा वा तोकिएको अधिकारीवाट फिल्ड अनुगमन गर्न सक्नेछ ।

५. घर तथा जग्गा धनीले घर वा जग्गा आँफै वा संगोलको परिवारले उपयोग गरेको भएमा वहाल कर लाग्ने छैन यो सुविधा उपभोग गर्नका लागि नाता खुल्ने कुनै प्रमाण पेश गर्नु पर्नेछ ।

६. चालु आ.व.को घर बहालकरमा कुनै जरिवाना नलाग्ने र लकडाउनको समय (अवधि) मा घरधनीले घर भाडामा बस्नेलाई घरभाडा छुट दिएको भए सो को विवरण सहित घरधनी र बहालमा बस्ने व्यक्तिको संयुक्त निवेदन वडा कार्यालयमा वा राजश्व शाखामा पेश हुन आएमा सो अवधिको घर बहालकर छुट दिन सकिने छ ।





## अनुसूची-४

## दफा ५ संग सम्बन्धित

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा लगाउने व्यवसाय करको दर**

| सि. नं | व्यवसायको किसिम | आ.व. २०७५।०७६ को स्वीकृत दर | आ.व. २०७६।०७७ को स्वीकृत दर | आ.व. २०७७।०७८ को स्वीकृत दर |
|---|---|---|---|---|
| १ | **डिलर तथा डिस्टीव्यूटर (डिपार्टमेन्टल स्टोर सहित** | | | |
| | डिस्टीव्यूटर्स | १०,०००।- | ७,०००।- | ७,०००।- |
| | डिलरसिप | ८,०००।- | ५,०००।- | ५,०००।- |
| | डिलरसिप सुर्ती तथा चुरोट | | ६,०००।- | ६,०००।- |
| | मदिरा पसल (स्वदेशी तथा विदेशी बिक्री गर्ने अधिकृत विक्रेता डिलरसीप) | १०,०००।- | ७,०००।- | ७,०००।- |
| | मदिरा पसल (स्वदेशी तथा विदेशी खुद्रा मात्र बिक्री गर्ने) | | ५,०००।- | ५,०००।- |
| | डिपार्टमेन्टल स्टोर्स (मार्ट, प्रोभिजनल तथा ग्रोसरी) | ७,०००।- | ५,०००।- | ५,०००।- |
| २ | **गहना तथा ज्वेलरी** | | | |
| | ज्वेलरी गहना पसल (सबै) क श्रेणी | १०,०००।- | ९,०००।- | ९,०००।- |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | ज्वेलरी गहना पसल (सबै) ख श्रेणी | | ७,०००।- | ७,०००।- |
| | ज्वेलरी गहना पसल चादी का गहना सहीत (ग) श्रेणी | | ५,०००।- | ५,०००।- |
| | ज्वेलरी गहना निर्माण केन्द्र | ८,०००।- | ५,०००।- | ५,०००।- |
| | ज्वेलरी कालीगड (टुकटुके ज्यालामा काम गर्ने पसल) | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | फेसन ज्वेलर्स | २,५००।- | २,०००।- | २,०००।- |
| ३ | **हार्डवेयर व्यवसाय, निर्माण व्यवसाय, घर जग्गा व्यवसाय** | | | |
| | हार्ड वेयर पसल (सबै प्रकार को सामान विक्री केन्द्र) | ८,०००।- | ७,०००।- | ७,०००।- |
| | रग रोगन तथा सिसा प्लाई मात्र (हार्डवयर सामान नबेच्ने) | ६,०००।- | ५,०००।- | ५,०००।- |
| | पाईप फिटिङ तथा स्यानेटरीवयर | | ५,०००।- | ५,०००।- |
| | मार्वल तथा टायल बिक्री पसल | ८,०००।- | ७,०००।- | ७,०००।- |
| | स्लेट ढुङा/कटिङ ढुङा विक्री केन्द्र, ढुगा खानी | ५,०००।- | ४,०००।- | ४,०००।- |
| | | | | |





| | | | | |
|---|---|---|---|---|
| | **नगरपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी** | | | |
| | निर्माण कम्पनी शाखा | २५,०००।- | २०,०००।- | २०,०००।- |
| | जे.भी अन्य पालिका बाट आउने व्यवसाय मा लागुहुने | | | |
| | क बर्ग | २०,०००।- | १०,०००।- | १०,०००।- |
| | ख बर्ग | १५,०००।- | ७,०००।- | ७,०००।- |
| | ग बर्ग | १०,०००।- | ५,०००।- | ५,०००।- |
| | घ बर्ग | ५,०००।- | २,५००।- | २,५००।- |
| | हाउजीङ तथा रियल स्टेट | १०,०००।- | १०,०००।- | १०,०००।- |
| ४ | **कपडा तथा फेन्सी व्यवसाय** | | | |
| | फेन्सी पसल (काचो कपडा, सहित ठूलो) | ५,०००।- | ४,५००।- | ४,५००।- |
| | फेन्सी पसल, (काचो कपडा ) खुद्रा | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | जुत्ता पसल मात्र | | ३,०००।- | ३,०००।- |
| | कपडा तथा छाला जुत्ता मर्मत केन्द्र (विक्री बाहेक) | १५,००।- | १,०००।- | १,०००।- |
| ५ | **टेलरीङ** | | | |
| | टेलर्स (सुटिङ सर्टिङ सहित ठूलो) | ४,०००।- | ३,५००।- | ३,५००।- |
| | सिलाई प्रशिक्षण केन्द्र (तालिम केन्द्र) | २,०००।- | १,५००।- | १,५००।- |
| | सिलाई केन्द्र (टेलर्स) | १,५००।- | १,०००।- | १,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | बुटिक तथा ईम्बोडरी | १,५००।- | १,५००।- | १,५००।- |
| ६ | **कम्प्यूटर व्यवसाय/सूचना र प्रविधि** | | | |
| | कम्प्यूटर पसल | ५,०००।- | ४,०००।- | ४,०००।- |
| | कम्प्यूटर तालिम | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | डेक्सटप तथा डिजाईनिङ सर्भिस | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | फोटोकपी तथा सेक्रेटरीयल सर्भिस (सरकारी कामकाज गर्ने सहीत) | ३,०००।- | २,०००।- | २,०००।- |
| ७ | **विद्युतिय सामाग्री** | | | |
| | सोलार विक्रि केन्द्र | १०,०००।- | ७,०००।- | ७,०००।- |
| | ईलेक्टिकल पसल (टिभी फिज सहित का उपकरण विक्रेता) मर्मत सहित | ७,०००।- | ७,०००।- | ७,०००।- |
| | विद्युतिय पसल (हाउस वाईरिङ) | ५,०००।- | ४,५००।- | ४,५००।- |
| | मेशनरी तथा मेशनरी औजार बिक्री कक्ष (कृषि उपकरण सहितका) | १०,०००।- | ८,०००।- | ८,०००।- |
| | टिभी, फिज, वासीङ मेशिन, मोटर मर्मत (सबै मर्मत गर्ने ठूलो) | ३,०००।- | ४,०००।- | ४,०००।- |
| | सिलाई मेशीन सहित घरेलु उपकरणको मर्मत पसल सानो | | २,५००।- | २,५००।- |
| | | | | |





| | | | | |
|---|---|---|---|---|
| | अन्य इलेक्टोनिक्स सामान मर्मत | ३,०००।- | २,०००।- | २,०००।- |
| ८ | **मोवाईल विक्री** | | | |
| | मोवाईल फोन तथा संचार उपकरण विक्रेता (मर्मत सहित) | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | मोवाईल फोन ग्राहक सेवा तथा रिर्चाज विक्रेता | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | मोवाईल फोन मर्मत केन्द्र | | २,५००।- | २,५००।- |
| ९ | **वित्तिय संस्था** | | | |
| | निजी स्तरका (क श्रेणीका) बैक | ३०,०००।- | ३०,०००।- | ३०,०००।- |
| | निजी स्तरका विकास बैंक (ख श्रेणी) | २५,०००।- | २५,०००।- | २५,०००।- |
| | लघुवित्तय संस्था तथा लघुवित्त बैक | १५,०००।- | १५,०००।- | १५,०००।- |
| | मनि टान्सफर/विदेशी मुद्रा सटही | १०,०००।- | ६,०००।- | ६,०००।- |
| | शेयर दलाल/धितो पत्र/शाखा सहित | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | बीमा कम्पनीको शाखा वा सर्म्पक कार्यालय | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | सहकारी बहुउद्देश्यीय | | ५,०००।- | ५,०००।- |
| | सहकारी बहुउद्देश्यीय (वडा स्तरिय) | | २,५००।- | २,५००।- |

| | | | | |
|---|---|---|---|---|
| | सहकारी संस्था प्रदेश स्तरिय | ७,०००।- | ७,०००।- | ७,०००।- |
| | सहकारी संस्था नगर स्तरिय ( बचत तथा कृण) | ५,०००।- | ३,०००।- | ३,०००।- |
| १० | **अटोमोवाईल/टायर पसल/सवारी साधन मर्मत संभार सहित/मोटर पार्टस** | | | |
| | ट्याक्टर बस तथा ठुला सवारी विक्री कक्ष | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | चारपाङे हलुका सवारी विक्री कक्ष | १०,०००।- | ९,०००।- | ९,०००।- |
| | २ पाङ्गे तथा ३ पाङ्गे सवारी विक्री कक्ष | ८,०००।- | ६,०००।- | ६,०००।- |
| | साईकल विक्री तथा मर्मत | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | टायर पसल | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | हेभी ईक्युप्पमेन्ट सहितको मर्मत केन्द्र | १२,०००।- | १०,०००।- | १०,०००।- |
| | बस, टक, कार, जीप, ट्याक्टर सहितको मर्मत | ९,०००।- | ८,०००।- | ८,०००।- |
| | मोटरसाईकल मर्मत | ४,०००।- | ३,५००।- | ३,५००।- |
| | टायर रिसोलीङ सेन्टर | ९,०००।- | ७,०००।- | ७,०००।- |
| | टायर मर्मत तथा हावा पसल | ३,०००।- | २,५००।- | २,५००।- |
| | सिट हुड, वाईरिङ पसल | ३,०००।- | २,५००।- | २,५००।- |
| | पेन्टर, स्टिकर, कार डेकोरेशन पसल | ५,०००।- | ३,५००।- | ३,५००।- |





| | | | | |
|---|---|---|---|---|
| | स्टिकर हाउस | २,५००।- | २,५००।- | २,५००।- |
| | मोटर पार्टस तथा मर्मत | १०,०००।- | ८,०००।- | ८,०००।- |
| | मोटर, मोटरसाईकल वासीङ सेन्टर | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | चापी निर्माण घर | १,५००।- | ७५०।- | ७५०।- |
| ११ | **उद्योग/सेवा मुलक/खनिज** | | | |
| | क्रसर उद्योग | २०,०००।- | २०,०००।- | २०,०००।- |
| | रेडिमिक्स नया दर्ता | ३०,०००।- | ३०,०००।- | ३०,०००।- |
| | रेडिमिक्स शाखा | २०,०००।- | २०,०००।- | २०,०००।- |
| | ईट्टा भट्टा चिम्नी | ३०,०००।- | ३०,०००।- | ३०,०००।- |
| | ईट्टा लोकल ठुलो | २२,०००।- | १५,०००।- | १५,०००।- |
| | ईट्टा लोकल सानो | २०,०००।- | | |
| | ईट्टा भट्टा चिम्नी वा लोकल बिक्री मात्र | १०,०००।- | ७,०००।- | ७,०००।- |
| | ब्लक उद्योग | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | ग्रिल उद्योग | ८,०००।- | ५,०००।- | ५,०००।- |
| | आल्मुनियम उद्योग | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | चाउचाउ उद्योग | ३,०००।- | २,५००।- | २,५००।- |
| | दालमोठ उद्योग | २००० | २,०००।- | २,०००।- |
| | पाउरोटी, वेकरी उद्योग | २,५००।- | २,०००।- | २,०००।- |
| | मैनवत्ती/अगर वत्ति उद्योग | १,०००।- | १,०००।- | १,०००।- |
| | दाना उद्योग | २,०००।- | २,०००।- | २,०००।- |
| | मिनरल वाटर उद्योग | २०,०००।- | २०,०००।- | २०,०००।- |

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

| | | | | |
|---|---|---|---|---|
| | मिनरल वाटरको डिपो (अनिवार्य छुट्टै फर्म दर्ता गर्नु पर्ने) | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | कापी उद्योग | ५,०००।- | ३,०००।- | ३,०००।- |
| | अफसेट प्रेस | ७,०००।- | ५,०००।- | ५,०००।- |
| | फेल्कस प्रिन्टर | ४,०००।- | ३,५००।- | ३,५००।- |
| | कलर ल्याव | ७,०००।- | ५,०००।- | ५,०००।- |
| | होजीयारी उद्योग | २,०००।- | २,०००।- | २,०००।- |
| | कपास रिसाईक्लिन | २,०००।- | २,०००।- | २,०००।- |
| | ह्यान्डीकाफट तथा घरेलु उद्योग | २,०००।- | १,५००।- | १,५००।- |
| | फोटो तथा भिडियोग्राफ तथा स्टुडियो | २,०००।- | २,०००।- | २,०००।- |
| | आर्टस तथा पेन्टिङ | १,०००।- | १,०००।- | १,०००।- |
| | कुटानी पिसानी/तेल मिल | २,५००।- | २,५००।- | २,५००।- |
| | कुटनी पिसनी मिल | २,०००।- | १,५००।- | १,५००।- |
| १२ | **होटल तथा रेष्टुरेन्ट/मदिरा पसल** | | | |
| | रिसोर्ट | १०,०००।- | १०,०००।- | १५,०००।- |
| | होटल १५ कोठा माथी, सबै प्रकारका मदिरा, रेष्टुरेन्ट, पार्कीङ सभाहल सहित क वर्ग | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | होटल ५ देखि १५ कोठा सम्म मदिरा रेष्टुरेन्ट पार्कीङ सभाहल सहित ख वर्ग | ७,०००।- | ७,०००।- | ७,०००।- |



अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

| | | | | |
|---|---|---|---|---|
| | होटल १ देखि ५ कोठा सम्म | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | साधरण लज/मोटल तथा गेष्ट हाउस | | ३,०००।- | ३,०००।- |
| | पार्टी प्यालेस | २०,०००।- | १५,०००।- | १५,०००।- |
| | क्याटरिङ/टेन्ट हाउस | १५,०००।- | १०,०००।- | १०,०००।- |
| | रेष्टुरेन्ट, तन्दुरी हाउस, (बार सहित) | ५,०००।- | ४,०००।- | ४,०००।- |
| | गजल, दोहोरी, डान्सवार | १०,०००।- | ८,०००।- | ८,०००।- |
| | भोजनालय, खाजा घर शाहाकारी | ३,०००।- | २,५००।- | २,५००।- |
| | चिया खाजा पसल मदिरा बाहेक | १,०००।- | १,०००।- | १,०००।- |
| | मिष्ठान्न भण्डार | २,०००।- | २,०००।- | २,०००।- |
| | होमस्टे सेवा | | द.१०,००० न.२,००० | द.१०,००० न.२,००० |
| १३ | **मासु व्यवसाय** | | | |
| | मासु मिश्रित सबै | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | कुखुरा तथा खसी | २,५००।- | २,५००।- | २,५००।- |
| | माछा | २,०००।- | २,०००।- | २,०००।- |
| | रागो तथा भैसी | २,०००।- | २,०००।- | २,०००।- |
| | वडगुर | २,०००।- | २,०००।- | २,०००।- |
| | खसी | २,०००।- | २,०००।- | २,०००।- |
| | कुखुरा | २,०००।- | २,०००।- | २,०००।- |

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

| | | | | |
|---|---|---|---|---|
| | बधशाला सवै प्रकारको | १०,०००।- | १०,०००।- | १०,०००।- |
| १४ | **दैनिक उपभोग्य (किराना, तरकारी, फलफुल दुध तथा अन्य)** | | | |
| | दैनिक उपभोग्य सामानको थोक विक्रेता (ठुलो खाध्यान्न पसल) ग्यास विक्री केन्द्र ( अनिवार्य छुट्टै फर्म दर्ता गर्नु पर्ने) | ५,५००।- | ४,५००।- | ४,५००।- |
| | दैनिक उपभोग्य सामानको विक्रेता तरकारी र फलफुल सहित, ग्यास विक्री केन्द्र (अनिवार्य छुट्टै फर्म दर्ता गर्नु पर्ने) | ४,०००।- | २,५००।- | २,५००।- |
| | दैनिक उपभोग्य सामानको विक्रेता साधारण | | १,८००।- | १,८००।- |
| | फलफुल तथा तरकारी थोक विक्रेता (आलु प्याज लगाएत) | ४,०००।- | ३,५००।- | ३,५००।- |
| | फलफुल तथा तरकारी | २,०००।- | १,५००।- | १,५००।- |
| | दुध डेरी तथा जुस पसल | २,५००।- | २,०००।- | २,०००।- |
| | गेडागुडी तथा अर्गानीक पसल | २,०००।- | १,५००।- | १,५००।- |
| | दुध चिस्यान/ सहकारी | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | ग्यास विक्री केन्द्र (अनिवार्य छुट्टै फर्म दर्ता गर्नु पर्ने) | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | | | | |



अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

| | | | | |
|---|---|---|---|---|
| १५ | **सौन्दर्यकला कस्मेटिक चुरा पसल** | | | |
| | व्युटी पार्लर | २,०००।- | २,०००।- | २,०००।- |
| | हेयर कटिङ शैलुन (विदेशी) | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | हेयर कटिङ शैलुन (स्वदेशी) | २,०००।- | १,५००।- | १,५००।- |
| | मसाज सेन्टर | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | चुरा पसल ट्याकीमा | १,५००।- | १,०००।- | १,०००।- |
| | कस्मेटिक पसल थोक ( सबै प्रकारका सामान विक्री गर्ने आधिकारीक बिक्रेता सहित) | ५,०००।- | ४,०००।- | ४,०००।- |
| | कस्मेटीक पसल खुद्रा | २,५००।- | २,०००।- | २,०००।- |
| १६ | **खेलकुद तथा मनोरन्जन** | | | |
| | फुटसल | १०,०००।- | ७,०००।- | ७,०००।- |
| | व्यायमशाला जिम हल | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | पुल हाउस तथा स्नुकर | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | हेल्थ क्लव | ५,०००।- | ३,५००।- | ३,५००।- |
| | चलचित्र भवन | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | अडियो भिडीयो पसल | १,५००।- | १,५००।- | १,५००।- |
| १७ | **स्वास्थ्य** | | | |
| | निजी क्षेत्रका अस्पताल | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | नसिङ होम तथा पोलिकिल्नीक | ७,०००।- | ७,०००।- | ७,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | सामुदायिक अस्पताल | ६,०००।- | ६,०००।- | ६,०००।- |
| | आयुर्वेदिक अस्पताल | ६,०००।- | ५,०००।- | ५,०००।- |
| | आयुर्वेद क्लिनिक तथा पसल | ५,०००।- | ४,०००।- | ४,०००।- |
| | प्रयोगशाला | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | दन्त उपचार केन्द्र | ७,०००।- | ७,०००।- | ७,०००।- |
| | आखा उपचार तथा चस्मा पसल | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | हचबथ, फिजीयोथेरापी तथा विविध सेवा | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | औषधी थोक विक्रेता | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | औषधी पसल तथा क्लिनिक (पटके जांच केन्द्र समेत) | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | प्रयोगशाला (संकलन केन्द्र) | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | औषधी पसल भेटनरी (थोक तथा खुद्रा विक्रेता | ८,०००।- | ८,०००।- | ८,०००।- |
| | औषधी पसल भेटनरी विक्री तथा जाँच सहित | ५,०००।- | ४,०००।- | ४,०००।- |
| | पशुपक्षी, दाना पसल थोक (अण्डा, चल्ला औषधी) | ८,०००।- | ८,०००।- | ८,०००।- |
| | पशुपक्षी, दाना पसल मल विउ विजन सहित | | ५,०००।- | ५,०००।- |
| | जडीबुटी व्यवसाय (बैध तथा घरेलु उपचार) | २,०००।- | १,५००।- | १,५००।- |
| | | | | |





| | | | | |
|---|---|---|---|---|
| १८ | **केवल, इन्टरनेट, दुरसंचार सेवा प्रदायक, टेलिभिजन** | | | |
| | केवल टिभि स्थानीय | २०,०००।- | २०,०००।- | २०,०००।- |
| | केवल टिभि शाखा (तार सहित र रहीत) | ३०,०००।- | २०,०००।- | २०,०००।- |
| | ईन्टरनेट सेवा स्थानीय | २०,०००।- | २०,०००।- | २०,०००।- |
| | ईन्टरनेट सेवा शाखा | २०,०००।- | २०,०००।- | २०,०००।- |
| | निजी क्षेत्रका मोवाईल सेवा वितरक | ३०,०००।- | ३०,०००।- | ३०,०००।- |
| | निजी क्षेत्रका मोवाईल सेवा प्रति टावर | २,०००।- | ५,०००।- | ५,०००।- |
| | नेपाल टेलिकम प्रति टावर | २,०००।- | ५,०००।- | ५,०००।- |
| | प्रति पोल | ५०।- | ५०।- | ५०।- |
| | टेलिभिजन | १०,०००।- | ५,०००।- | ५,०००।- |
| १९ | **पर्यटन** | | | |
| | टुर अपरेटर | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | ट्राभल्स | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | यान्त्रीक पुल | २०,०००।- | २०,०००।- | २०,०००।- |
| | बन्जी जम्प | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | हवाई सेवा शाखा/टिकट काउन्टर | ५,०००।- | ५,०००।- | ५,०००।- |
| २० | **स्टेशनरी/पुस्तक पत्रपत्रिका** | | | |
| | स्टेशनरी पसल थोक तथा खुद्रा विक्रेता | १०,०००।- | ७,०००।- | ७,०००।- |
| | स्टेशनरी पसल खुद्रा विक्रेता | | ४,०००।- | ४,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | स्टेसनरी पसल पत्रपत्रिका फोटोकपि सहित | ७,५००।- | ३,५००।- | ३,५००।- |
| | स्टेशनरी पसल साधरण | ५,०००।- | २,५००।- | २,५००।- |
| २१ | **कृषि रासायनिक मल तथा विषादी** | | | |
| | विउ विजन भण्डार थोक ( मल तथा विषादी) | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | पोल्टी फार्म ठुलो | २,०००।- | २,०००।- | २,०००।- |
| | पोल्टी फार्म सानो | १,०००।- | १,०००।- | १,०००।- |
| | गाई भैसी बाखा फार्म | १,०००।- | १,०००।- | १,०००।- |
| | कृषि, तरकारी तथा फलफुल फार्म | १,०००।- | १,०००।- | १,०००।- |
| २२ | **भाडा तथा घरेलु औजार** | | | |
| | भाडा पसल थोक तथा खुद्रा ( आधिकारीक बिक्रेता) ग्यास विक्री केन्द्र (अनिवार्य छुट्टै फर्म दर्ता गर्नु पर्ने) | ५,०००।- | ४,५००।- | ४,५००।- |
| | भाडा पसल खुद्रा, ग्यास विक्री केन्द्र (अनिवार्य छुट्टै फर्म दर्ता गर्नु पर्ने) | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | प्लाष्टिक मेच कुर्ची तथा अन्य सामग्री पसल प्लास्टिक जन्य | ४,०००।- | ३,५००।- | ३,५००।- |
| | माटोको भाडा पसल डोको डाली नाङलो पसल | १,५००।- | १,०००।- | १,०००।- |





| | | | | |
|---|---|---|---|---|
| २३ | **फर्निचर फर्निसिङ तथा ईन्टेरियर डेकोरेशन** | | | |
| | स मिल, फर्निचर उद्योग | ७,०००।- | ५,०००।- | ५,०००।- |
| | फर्निचर उद्योग सो रुम सहित | ८,०००।- | ६,५००।- | ६,५००।- |
| | ईन्टरेरियर डेकोरेशन | ६,०००।- | ६,०००।- | ६,०००।- |
| | स्टिल फर्निचर | २,०००।- | २,०००।- | २,०००।- |
| २४ | **विशेषज्ञ तथा अन्य परामर्श सेवा** | | | |
| | चिकित्सक | २,५००।- | २,५००।- | २,५००।- |
| | दन्त चिकित्सक | २,५००।- | २,५००।- | २,५००।- |
| | पशु चिकित्सक | २,०००।- | २,०००।- | २,०००।- |
| | कविराज | १,५००।- | १,५००।- | १,५००।- |
| | ईन्जिनियर | २,५००।- | २,५००।- | २,५००।- |
| | कानुन व्यवसायी/लेखापढी व्यवसायी | २,०००।- | २,०००।- | २,०००।- |
| | अनुसन्धानकर्ता तथा परामर्शदाता | १,५००।- | १,५००।- | १,५००।- |
| | लेखा परिक्षक | | | |
| | क बर्ग | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | ख बर्ग | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | ग बर्ग | २,०००।- | २,०००।- | २,०००।- |
| | घ बर्ग | १,५००।- | १,५००।- | १,५००।- |
| | सर्भेयर | २,०००।- | २,०००।- | २,०००।- |
| | अनुवादक | १,५००।- | १,५००।- | १,५००।- |
| | नोटरी पब्लिक सेवा | १,५००।- | १,५००।- | १,५००।- |

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

| २५ | संस्थागत विद्यालय/क्याम्पस/प्राविधिक शिक्षालय/कोचिङ/भाषा कक्षा/मन्टेश्वरी | | | |
|---|---|---|---|---|
| | नीजि क्षेत्रका क्याम्पस Bachler वा सो भन्दा माथी | ७,०००।- | ७,०००।- | ७,०००।- |
| | संस्थागत मा वि विद्यालय (९–१२ सम्म) संचालित | ७,०००।- | ७,०००।- | ७,०००।- |
| | संस्थागत आधारभूत विद्यालय (१–८ सम्म) संचालित | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | संस्थागत आधारभूत विद्यालय (१–५ सम्म) संचालित | ४,०००।- | ४,०००।- | ४,०००।- |
| | संस्थागत मन्टेश्वरी | ५,०००।- | ४,०००।- | ४,०००।- |
| | नीजि क्षेत्रका होस्टेल | ३,५००।- | ३,५००।- | ३,५००।- |
| | नीजि क्षेत्रका होस्टेल तथा ट्युशन सेन्टर | ५,०००।- | ५,०००।- | ५,०००।- |
| | तालिम, कोचिङ सेन्टर भाषा कक्षा | ५,०००।- | १०,०००।- | १०,०००।- |
| | ड्राईभिङ ईन्चिच्यूटर | ५,०००।- | १०,०००।- | १०,०००।- |
| | प्राविधिक शिक्षालय (स्टाफ नर्स र एच.ए) | २०,०००।- | २०,०००।- | २०,०००।- |
| | प्राविधिक शिक्षालय (अनमी र अहेव) | १५,०००।- | १५,०००।- | १५,०००।- |



अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

| २६ | अन्य | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्रका हुलाक सेवा (बैदेशिक कम्पनीका) | १०,०००।- | ५,०००।- | ५,०००।- |
| | सामान ढुवानी (टान्सपोर्ट सेवा) | ८,०००।- | ७,५००।- | ७,५००।- |
| | कुरियर सेवा | २,५००।- | २,०००।- | २,०००।- |
| | फूल तथा पूजा सामग्री पसल | १,०००।- | १,०००।- | १,०००।- |
| | स्यानीटरी तथा बेवी सप | ३,०००।- | २,५००।- | २,५००।- |
| | सुती, उनी धागो तथा नाईलन कपडा पसल | १,५००।- | १,५००।- | १,५००।- |
| | गिफट हाउस | ३,०००।- | २,५००।- | २,५००।- |
| | ड्राइ क्लिर्नस | १,०००।- | १,५००।- | १,५००।- |
| | बिज्ञापन ऐजेन्सी | २,०००।- | ३,५००।- | ३,५००।- |
| | पेट्रोल पम्प (पेट्रोल डिजल सहीत) | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | मटितेल पम्प | | ५,०००।- | ५,०००।- |
| | बैदेशिक रोजगार कार्यलय मेनपावर | १०,०००।- | ५,०००।- | ५,०००।- |
| | कवाडी संकलन केन्द्र | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | कन्सल्टेन्सि सेवा बैदेशिक रोजगार | १०,०००।- | १०,०००।- | १०,०००।- |
| | कन्सल्टेन्सि सेवा (घर नक्सा डिजाईनर र मुल्यकन) | १०,०००।- | १५,०००।- | १५,०००।- |
| | पान पसल | २,०००।- | २,०००।- | २,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | डान्स स्कुल | २,०००।- | २,०००।- | २,०००।- |
| | झोला उधोग | २,५००।- | २,५००।- | २,५००।- |
| | टुर एण्ड टाभल यातायात सेवा प्रा.लि. शाखा | २,०००।- | २,०००।- | २,०००।- |
| | हाईड्रो कम्पनी प्रा.लि. | ५,०००।- | १०,०००।- | १०,०००।- |
| | यातायात सेवा सार्वजनिक परिवहन प्रा.लि | ३,०००।- | ५,०००।- | ५,०००।- |
| | नर्सरी विकी केन्द्र | | १,०००।- | १,०००।- |
| | सुर्ति चुरोट खुद्रा | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | माथि नपरेका कुनै व्यवसाय | ३,०००।- | ३,०००।- | ३,०००।- |

**पुनश्च:** उल्लेखित विभिन्न व्यवसायहरुको न.पा. मा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर वापत रु २००।- थप लाग्नेछ ।

## पटके हाट बजार कर :-

| सि.नं. | व्यवशाय | २०७७।२०७८ को स्वीकृत दर |
|---|---|---|
| १ | फेन्सी कपडा, प्रति पसल | ५००।- |
| २ | ठेका भांडा प्रति पसल | ५००।- |
| ३ | माटोको भांडा प्रति पसल | ५००।- |
| ४ | प्रोभिजनल प्रति पसल | ५००।- |
| ५ | मादल प्रति पसल | ५००।- |
| ६ | औजार भांडा प्रति पसल | ५००।- |





| | | |
|---|---|---|
| ७ | सुन चांदी प्रति पसल | ५००।- |
| ८ | चिया नास्ता प्रति पसल | ५००।- |
| ९ | डाला नाङ्ला प्रति पसल | ५००।- |
| १० | चुरापोते प्रति पसल | ५००।- |
| ११ | जिरामसला पसल | ५००।- |
| १२ | जडिवुटि पसल | ५००।- |
| १३ | अन्य पसल हेरेर | ५००।- |

१. कृषि हाट वजार:- कृषि हाटवजार करको हकमा नगर कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूचि ५
## (दफा ६ संग सम्बन्धित)
## नगर क्षेत्रबाट निकासी हुने जडिबुटि, कवाडी र जीवजन्तु निकासी करको दर

| क्र.सं. | नाम | इकाई | दर |
|---|---|---|---|
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) | प्रति केजि | ०.१० पैसा |
| २. | खोटो | प्रति केजि | ०.५० पैसा |
| ३. | प्रचलित बन वियमावलीमा लेखिएका जडी बुटीको मुल्य मात्रा र गुणस्तर हेरी नगर कार्यपालिकाले तोके बमोजिमको दरमा कर लगाउन सकिने छ । तर व्यवसायिक खेतीको र स्थानीय उद्योगमा प्रशोधन हुने जडिबुटीको हकमा आधा दरमा लाग्ने छ । | | |
| ४. | बनकस (खर) बाबियो, मलहनपत्ता, छ्वाली, पराल, बगास, नियालो, लोकेता, पटेर, अम्लिसो (कुचो) | प्रति गडा ट्याक्टर ट्रक | रु १००।- |
| | बाँस | प्रतिगोटा | ०.५० पैसा |





| | | | |
|---|---|---|---|
| | सिसौ, सल्लो, साल, टुनि, (चट्टा, गोलिया, चिरान) सम्वन्धित जिल्ला बन कार्यालयको चलानीको आधारमा) | प्रति क्यूफिट | रु ५।- |
| | उत्तिस (चट्टा, गोलिया, चिरान) सम्वन्धित जिल्ला बन कार्यालयको चलानीको आधारमा) | प्रति क्यूफिट | रु ४।- |
| | अन्य काठ (चट्टा, गोलिया, चिरान) सम्वन्धित जिल्ला बन कार्यालयको चलानीको आधारमा) | प्रति ट्रक<br>प्रति ट्र्याक्टर | रु ५००।-<br>रु २००।- |
| ५ | ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडा निजी जग्गामा उत्पादित समेत | प्रति घन मिटर | रु ५०।- |
| ६. | स्लेट/विछ्याउने ढुङ्गा | प्रति वर्गफिट | रु ३।- |
| | चट्टामा प्रयोग गर्ने माटो | प्रति बर्गमिटर | ०.५० पैसा |
| ७. | ईंट्टा | प्रति एक हजार गोटामा | १००।- |
| | सिमेन्ट | प्रति बोरा | |
| ८ | सुर्तीको डण्ठल | प्रति के.जि | ०.२५।-पैसा |
| ९. | सालको वियाँ | प्रति के.जि. | रु १ |
| १०. | सल्लाको सिम्टा | प्रति के.जि. | ०.२५ पैसा |
| ११. | पत्थर कोइला | प्रति के.जि. | ०.१० पैसा |

| | | | |
|---|---|---|---|
| १२. | मिनरल वाटर | प्रति बोतल | ०.२० पैसा |
| १३ | अन्य खनिजजन्य पदार्थहरु | कार्यपालिकाले तोके बमोजिम | |

**स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुन प्रयोग गर्ने देहाय बमोजिमका बस्तुमा देहाय बमोजिमको करको दर**

| क्र.सं. | नम | इकाई | दर |
|---|---|---|---|
| १. | खाली सीसी वियर बोतलको साइज हेरी | प्रतिगोटा | रु १।- |
| २. | खाली सीसी मदिरा र अन्य ५०० एम एल भन्दा माथी | प्रति गोटा | ०.५० पैसा |
| ३. | खाली सीसी मदिरा र अन्य ५०० एम एल भन्दा तल | प्रति गोटा | ०.२५ पैसा |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालन र जर्किन आदि । | प्रति के.जी | रु. १।- |
| ५. | **खाली बोरा :**<br>१. ५० के.जी सम्म खाद्यान्न अँट्ने प्लाष्टिकका बोरा<br>२. ५० के.जी सम्म खाद्यान्न अँट्ने जुटका बोरा<br>३. १०० के.जी सम्म खाद्यान्न अँट्ने जुटका बोरा | <br>प्रति गोटा<br>प्रति गोटा<br>प्रति गोटा | <br>०.२५ पैसा<br>०.२५ पैसा<br>०.५० पैसा |





| | | | |
|---|---|---|---|
| ६. | तेलको टिन :<br>क. १० लिटर भन्दा बढी अट्ने ठुलो<br>ख. १० लिटर भन्दा कम अट्ने सानो | <br>प्रति गोटा<br>प्रति गोटा | <br>रु. २।-<br>रु. १।- |

**पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरि पुनः प्रयोग हुन सक्ने देहाय बमोजिमका कवाडी मालसामानमा लगाउने करको दर**

| क्र.सं. | नाम | इकाई | दर |
|---|---|---|---|
| १. | झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) | प्रति के.जी | रु. २।- |
| २. | गार्मेण्टको कपडाको टुक्रा | प्रति के.जी | रु. २।- |
| ३. | जलेको मोबिल | प्रति लिटर | रु. १।- |
| ४. | जुट र प्लाष्टिकको बोरा | प्रति के.जी | ०.२० पैसा |
| ५. | कार्पेटका टुक्रा | प्रति के.जी | रु. २।- |
| ६. | टायरट्युब | प्रति के.जी | रु. २।- |
| ७. | थोत्रो टिन | प्रति के.जी | ०.५० पैसा |
| ८. | पुरानो ड्रम | प्रति के.जी | ०.५० पैसा |
| ९. | पुरानो कागज :<br>क. अखवार (न्युजप्रिन्ट)<br>ख. अन्य कागज (कार्टुन समेत) | <br>प्रति के.जी<br>प्रति के.जी | <br>०.५० पैसा<br>रु. १।- |
| १०. | धातुका टुक्राहरु र पत्रभई काम नलाग्ने भएका धातुका सामानहरु : | प्रति के.जी | रु. २।- |

| | | | |
|---|---|---|---|
| | क. फलाम | प्रति के.जी | रु. २.५० |
| | ख. अन्य धातु (पित्तल, तामा) आदी | प्रति के.जी | रु. २।- |
| | ग. थोत्रिएका काम नलाग्ने मेशिनरी औजार | | |
| ११. | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी | रु. १।- |
| १२. | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी | रु. ४।- |
| १३. | काँचको धुलो र टुक्रा | प्रति के.जी | रु. १ |
| १४. | प्रचलित कानुनले निषेधित गरे बाहेकका पंक्षीहरु जस्तै : हाँस, कुखुरा जस्ता पंक्षीहरुको प्वाँख र नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम अन्यवस्तुमा | प्रति के.जी | रु. २ |
| १५. | प्रचलित कानूनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुका : | | |
| | १. हाड | प्रति के.जी | रु. १।- |
| | २. सिंग | प्रति के.जी | रु. २।- |
| | ३. खुर | प्रति के.जी | रु. २।- |
| | ४. छाला (ठुलो) | प्रति गोटा | रु. ३०।- |
| | ५. छाला (सानो) | प्रति गोटा | रु. १५।- |





## अनुसूची - ६

### दफा ७ संग सम्बन्धित

**ठेला, रिक्सा, टाँगा, दर्ता तथा सञ्चालन ईजाजत दस्तुर :**

१. नगरपालिका क्षेत्रमा ठेला, रिक्सा तथा टांगा, दर्ता गरी नम्बर दिए बापत नगरपालिकाले पचास रुपैया दर्ता शुल्क लगाईने छ ।

२. अटोरिक्सा ई रिक्सा दर्ता बापत रु २,५००।- दर्ता शुल्क लगाउने छ, रुट इजाजत पत्र बापत बार्षिक रु ५००।- शुल्क लगाईने छ ।

३. २०७५ साउन १ गते देखि बजारमा अव्यवस्थित तवरबाट ठेला, गाडामा चना चटपट, पानी पुरी पसल संचालन गर्ने र अखाद्य बस्तु बेचबिखनलाई पूर्ण रोक लगाईएको छ ।

## अनुसूची - ७

### दफा ८ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

बागलुङ नगर क्षेत्र भित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरुमा नीजी स्थानमा तपशिल बमोजिमका विज्ञापन कर लगाउने सकिने छ।

| सि. नं | विज्ञापन सामाग्रीको विवरण | सार्वजनिक स्थलमा रु. | निजी स्थलमा रु. | अवधि |
|---|---|---|---|---|
| १ | विद्युतिय/डिजीटल होर्डिङ बोर्ड सार्वजनिक स्थल प्रति बर्ग फिट | रु १२०।- | रु १००।- | बार्षिक |
| २ | डिजीटल डिस्प्ले बोर्ड तथा डिजीटल स्क्रीन प्रति बर्ग फिट | रु ११०।- | रु ९०।- | बार्षिक |
| ३ | ग्लो साईन बोर्ड, नियोन साईन, एल.इ.डि.बोर्ड, ए.सि.पि. बोर्ड तथा अन्य विद्युतिय वोर्ड प्रति बर्ग फिट | रु ११०।- | रु ९०।- | बार्षिक |
| ४ | फ्लेक्स बोर्ड,फ्लेक्स होर्डङ्ग बोर्ड, डि.पि.एस. बोर्ड तथा पसलमा राखिने फ्लेक्स गेट प्रति बर्ग फिट | रु ९०।- | रु ७०।- | बार्षिक |
| ५ | बाल पेन्टिङ्ग, सटर पेन्टिङ्ग प्रति बर्ग फिट | रु ३५।- | रु २५।- | बार्षिक |
| ६ | पोलमा राखिने फ्लेक्स बोर्ड | रु १,०००।- | रु ९००।- | मासिक |
| ७ | पसल ब्रान्डीङ्ग गर्न लगाईने सामाग्रीहरु भित्र/बाहिर (भिनाईल स्टिकर, ओन वे भिजन स्टिकर, भिनाईल फोरेक्स आदी) | रु ५००।- | रु ५००।- | मासिक |





| | | | | |
|---|---|---|---|---|
| ८ | सार्वजनिक, नीजी र भाडाका गाडिहरुमा गरिएको विज्ञापन सामाग्रीहरु | रु १,०००।- | रु १,०००।- | मासिक |
| ९ | पोल व्यानर प्रति गोटा | रु २००।- | रु २००।- | प्रति हप्ता |
| १० | विज्ञापनका लागि प्रयोग गरिएका बेलुन, स्टल, छाता प्रतिगोटा | रु १००।- | रु १००।- | प्रति दिन |
| ११ | व्यवसायिक प्रयोजनका लागि माईकिङ्ग गर्दा | रु ३००।- | रु ३००।- | प्रति दिन |

## अनुसूची - ८

### दफा ९ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्रको मनोरन्जन करको दर

१. सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङगीत, मनोञ्जन प्रदर्शन स्थलको मनोरञ्जन करको दर तथा संकलन गर्ने तरिका प्रदेश कानूनमा तोकिए वमोजिम हुनेछ।

२. नगर क्षेत्र भित्र महोत्सव वा मेला सचालनमा रमाईलो मेला गर्दा आयोजकले पूर्व स्वीकृत लिई मात्र रमाईलो मेला राख्ने व्यवस्था गर्नु पर्ने र रमाईलो मेलाले रु २०,०००।– नगरपालिकालाई भुक्तानी गर्नु पर्ने।

३. मेला मोहत्सव प्रयोगमा आएका प्रति स्टलले दैनिक २००।- कर लाग्ने छ।

## अनुसूची - ९

### दफा १० संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल/विटौरी कर

१. आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल राख्न दिए बापत प्रति वर्गफुट मासिक बिस रुपैया ।

२. **अस्थायी हाट बजार वा घुम्ती पसल तथा वहाल कर**

यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रूपमा देहाय बमोजिम व्यवसाय कर:-

(१) घुम्ती (मोवाईल) पसल, खुन्चा समेतमा एकसय रुपैया ।

(२) चौपाया प्रति गोटा पाँच रुपैया ।

(३) हाँस कुखुरा आदि प्रति गोटा दुई रुपैया ।

(४) साग सब्जी र फलफुल पसल दश रुपैयाँसम्म ।

(५) अन्य दश रुपैया ।

नोटः- माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी रु १००।- देखि १,०००।- रुपैयां सम्म ।





## अनुसूची - १०

### दफा ११ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ शुल्क

१. नगरपालिकाले आफूले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका बस, मिनीबस, ट्रक ट्याक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा चालीस रुपैयाँमा नवढाई पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

२. नगरपालिकाले आफूले निर्माण गरी सञ्चालन गरेको आधुनिक सुविधा सम्पन्न बस पार्कमा नगरपरिषद्ले निर्धारण गरे बमोजिमको पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

३. नगरपालिकाले आफूले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा बढीमा बीस रुपैयांसम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

४. प्रकरण १,२ र ३ मा उल्लिखित सवारी साधन बाहेक अन्य सवारी साधनहरूका लागि नगरपालिकाले व्यवस्था गरेका क्षेत्रहरूमा पार्किङ्ग समयको आधारमा बढीमा दश रुपैयाँसम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

**पटके सवारी पार्किङ्ग :-**

१) नीजि तथा भाडाका ट्रक, बस प्रति पटक रु ४०।-

२) नीजि तथा भाडाका मिनि बस ट्रक प्रति पटक रु ३०।-

३) नीजि तथा भाडाका ट्याक्टर ट्याम्पो जीप, ट्याक्सी आदिको प्रति पटक रु २०।-

४) मोटरसाईकल, स्कुटर जस्ता सवारी साधन प्रति पटक रु १०।-

## अनुसूची - ११

### दफा १३ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन ढुंगा गिट्टी वालुवा रोडा ग्राभेल आदीमा लगाउने विक्रि कर र निकासी करको दर

१. ढुंगा गिट्टी वालुवा रोडा ग्राभेल आदिको विक्रि कर प्रति क्यूफिट ६। (छ रुपैया मात्र ) र निकासी कर प्रति क्यूफिट रु ३। - ति रुपैया मात्र )

२. आवश्यकता अनुसार ठेक्का प्रथावाट एकमुष्ठ संकलन गर्ने ।

## अनुसूची - १२

### दफा १४ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी करको दर

**१. सवारी दर्ता तथा वार्षिक सवारी कर**

(क) बस, ट्रक, लहरी र अन्य हेभी गाडीमा दुई हजार रुपैया मात्र ।

(ख) भाडाका कार, जीपमा पांच सय रुपैया मात्र ।

(ग) भाडाको टेम्पोमा दुई सय रुपैया मात्र ।

(घ) भाडाको मिनीवसमा एकहजार रुपैया मात्र ।

(ङ) नीजी कार, टेम्पो, मिनी बसमा पाँच सय रुपैया मात्र ।

(च) स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा तिन सय रुपैया ।

(छ) ठेलागाडा तथा साधारण रिक्सामा एक सय पचास रुपैयासम्म ।

**द्रष्टव्य:**

(१) यस प्रकरण बमोजिमको कर राजमार्ग तथा सहायक राजमार्गमा लगाईने छैन ।





## अनुसूची - १३

### दफा १५ संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क दस्तुर

**१. सडक मर्मत सुधार शुल्क:-**

यस न.पा. क्षेत्रभित्र नंया व्यक्तिगत धारा जडान गर्दा वा मर्मत गर्दा र ड्रेनको निकास वा अन्य कुनै कारणले सडक खाडल पार्नु पर्ने वा सडक काट्नु पर्ने भएमा त्यस्तो कार्य समाप्त भएपछि सो फुटाईएको वा काटीएको सडकलाई पूर्व अवस्थामा ल्याउन सो कार्य गर्ने व्यक्तिबाट निम्नानुसारका दरले मर्मत शुल्क लिई सडक काट्ने अनुमति दिईनेछ । तर खानेपानीको लागि नयाँ धारा जडान र अत्यावश्यकिय ढल निकास गर्नुपर्ने अवस्था वाहेक अन्य अवस्थामा पिच सडक काट्ने अनुमति दिईने छैन ।

१. सडकको पिच काट्नु पर्ने भएमा रु १,५००।- (एक हजार पाँच सय रुपैया) मात्र ।

२. पिच सडक भएतापनि उक्त पिच सडकको पिच काट्न वा फुटाउन नपर्ने भएमा रु १,२५०।- (एक हजार दुई सय पचास रुपैया) मात्र ।

३. जीर्ण अवस्थामा रहेका पिच सडक काट्न वा फुटाउन पर्ने भएमा रु १,०००।- (एक हजार रुपैया)

४. ग्राभेल बाटो फुटाउन वा काट्न पर्ने भएमा रु ८००।- आठ सय रुपैया ।

५. कच्चि बाटो, गोरेटो बाटो, अन्य जग्गामा खन्नु वा काट्नु परेमा रु ५००।- पांच सय रुपैया ।

६. धारा जडानको जडान कार्य समाप्त भएपछि अनिवार्य रुपमा च्याम्बर निर्माण गनु पर्नेछ ।

७. नगरपालिकाले आफैले बनाएको वा आफूलाई हस्तान्तरण भई आएको सडकमा देहाय बमोजिमका सवारी साधनहरुमा देहाय बमोजिम सडक मर्मत सुधार शुल्क लगाउन सक्नेछ ।

क. नीजि तथा भाडाका ठुला वस तथा ट्रकहरु रु १००।- एकसय रुपैया मात्र ।

ख. नीजि तथा भाडाका मिनिवस तथा मिनि ट्रक, ट्याक्टरहरु रु ७०।- सत्तरी रुपैया मात्र ।

ग. नीजि तथा भाडाका कार जीप तथा भ्यान, साना ट्याक्टर रु ५०।- पचास रुपैया मात्र ।

घ. अन्य साधन र पावरटेलर ट्याक्टर रु ५०।- पचास रुपैया मात्र ।

ङ. उपरोक्तानुसारको सडक मर्मत सुधार शुल्क, स्कुल वसहरु र कृषि तथा पशुजन्य उत्पादनका वस्तुहरु ओसारपसार गर्ने साधनहरुलाई दिनको एकपटक मात्र तिरे पुग्नेछ ।

**नक्सापास दस्तुर :-**

यस न.पा. क्षेत्र भित्र निर्माण हुने आधुनिक घरहरुको लागि निम्नानुसारको नक्सापास तथा अन्य दस्तुर लाग्नेछ ।

१. नक्सापास निवेदन फारामको रु १,०००।- एक हजार रुपैया ।





नक्सा पास प्रति वर्ग फिट रु १२।- बाह्र रुपैया ।

नक्सा संशोधन थप दस्तुर एकमुष्ठ रु ५,०००।-

नक्सा नामसारी ३,०००।-

बजार क्षेत्रमा निर्माण हुने पर्खालको प्रति वर्ग फिट २।- रुपैया ।

शिमेन्ट जडान भएका अस्थायी छाप्रो निर्माण प्रति बर्ग फिट रु ७।- सात रुपैया ।

माटोको जडान भएका अस्थायी छाप्रो निर्माणमा प्रति बर्ग फिट रु ६।- छ रुपैया ।

कुनै कित्तामा एकभन्दा बढी छाप्रो बनाउनु पर्ने भएमा सबै छाप्रोको नक्सा पेशगरी सोही बमोजिम दस्तुर लाग्नेछ ।

माथि उल्लेख भए बमोजिमका स्थायी वा अस्थायी घर पर्खाल तथा टहरा निर्माणका लागि समेत नक्सा डिजाईन पेश गर्नुपर्नेछ ।

१०. नक्सा स्वीकृत गराई निर्माण कार्य शुरु गरेका तर तोकिएको समयमै निर्माण सम्पन्न गरी सम्पन्न प्रमाण पत्र नलिएकाको हकमा नक्सा पास गर्दाका वखतको दस्तुर र निर्माण सम्पन्न प्रमाण पत्र लिंदाका वखतको नक्सापास दस्तुरको अन्तर रकम थप दस्तुर लिइ सम्पन्न प्रमाण पत्र दिने ।

**सम्पत्ति मुल्यांकन सेवा शुल्क :-**

सम्पत्ति मुल्यांकन तथा आयश्रोत प्रमाणितमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम निम्नानुसारको सेवा शुल्क लगाईनेछ । पहिलो पटक मुल्यांकन गर्दा नियमावली अनुसार मुल्यांकन शुल्क लाग्ने र सोही आ.व.मा सोहि व्यक्तिबाट सोहि बिवरण बमोजिम उल्लिखित मुल्यांकन पुन: प्रमाणितको सिफारिस माग भई आएमा पहिलो पटक मुल्यांकन गर्दा शुरुमा लागेको सेवा

शुल्कको २५, प्रतिशत दोश्रो पटक ५०, प्रतिशत तेश्रो पटक ७ प्रतिशत र चौथो पटक १०० प्रतिशत सेवा शुल्क लाग्ने छ। सम्पी मुल्यांकन तथा आयश्रोत प्रमाणित शुल्क लिइसकेपछि थप सिफारि दस्तुर लाग्ने छैन। यो व्यवस्था एक आ.व. भित्र रहने छ। आ. परिवर्तन भएमा शुरु १०० प्रतिशत नै लाग्नेछ।

१- सम्पत्ती मुल्यांकन प्रति एक हजार रुपैयाको, ०.१ प्रतिशत
२- आयश्रोत प्रमाणित प्रति एक हजार रुपैयाको, ०.१ प्रतिशत

## ४. सिफारिस दस्तुर :-

| सि. नं. | सिफारिसको विवरण | आ.व.०७७।०७ को स्वीकृत द |
|---|---|---|
| १. | वशंजको नागरिकता सिफारिस (निवेदन दस्तुर रु २० सहित) | ५०।- |
| २. | जन्मको आधारमा गरिने नागरिकता सिफारिस ,, ,, | ५०।- |
| ३. | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | ५००।- |
| ४. | नागरिकताको प्रतिलिपि सिफारिस | ५०।- |
| ५ | नागरिकताको संशोधन सिफारिस | १००।- |
| ६. | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | ३००।- |
| ७. | विद्युत सिफारिस | ३००।- |
| ८. | नाम संशोधन, नाम छुट तथा दुई नाम सिफारिस | ३००।- |
| ९. | जन्म मिति प्रमाणित | ३००।- |
| १०. | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | ३००।- |





| | | |
|---|---|---|
| ११. | नाम थर जन्ममिति संसोधन सिफारिस | ३००।- |
| १२. | घरजग्गा नामसारी सिफारिस (स्वामित्व हस्तान्तरण) | १,०००।- |
| १३. | सम्बन्ध विच्छेद भएको सिफारिश | ५००।- |
| १४. | कच्ची घरको फुकुवा सिफारिस | ५००।- |
| | अंशबन्डा गर्दाको आर सि सि घरको फुकुवा सिफारिस | १,०००।- |
| | अन्य आर सि सि घरको हकमा घरको ह्रास कट्टी गरि आउने रकमको | ०.१ प्रतिशत |
| १५. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५००।- |
| १६. | हकवाला संरक्षण सिफारिस | ५००।- |
| १७. | नक्कल प्रमाणित दस्तुर (एकिकृत रसिद समेत) | १००।- |
| १८. | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | २००।- |
| १९. | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २००।- |
| २०. | घरनक्सा नामसारी | १,०००।- |
| २१. | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | १,५००।- |
| २२. | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | १,०००।- |
| २३. | नीजि क्षेत्रका रुख कटान सिफारिस | ५००।- |
| २४. | मिलापत्र दस्तुर | ५००।- |
| २५. | नावालक सिफारिस | २००।- |
| २६. | जन्म, मृत्यु, विवाह जस्ता सिफारिस | ३००।- |
| २७. | विभिन्न दलित,जन जाती तथा थर प्रमाणित | ३००।- |
| २८. | कर किलियर सिफारिस नेपाली | ३००।- |
| २९. | पारिवारिक विवरण | ३००।- |
| ३०. | खानेपानी सम्वन्धि सिफारिस | ३००।- |

| | | |
|---|---|---|
| ३१. | उद्योग सिफारिस | |
| | (क) साना | १,०००।- |
| | (ख) मझौला | १,५००।- |
| | (ग) ठूला | २,०००।- |
| ३२. | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | |
| | (क) पुर्व प्रा.वि. | २,०००।- |
| | (ख) प्रा.वि. | २,५००।- |
| | (ग) नि.मा.वि. | ३,०००।- |
| | (घ) मा.वि. | ४,०००।- |
| | (ङ) उच्च मा.वि.(११ र १२) | ४,५००।- |
| | (च) स्नातक तह | ५,०००।- |
| ३३. | वैद्धेशिक प्रयोजनका लागी अंग्रेजी भाषामा गरिने सबै प्रकारका प्रति सिफारिस | ८५०।- |
| ३४. | चारकिल्ला प्रमाणित | ३००।- |
| ३५. | खरिद विक्री प्रयोजनका लागी आउने वार्ड नं. १,२,३ को बजार क्षेत्र पुरै वार्ड नं. ४ को बागलुङ बुर्निवाङ्ग सडकको दाया वाया र सवै बजार क्षेत्र वार्ड नं. ३ को बागलुङ बुतिवाङ्ग सडकको दाया बाया ४ को बागलुङ बेनी सडकको दायाँ बाया र सो राजमार्गको उत्तर पूर्व तर्फको उपल्लाचौर तथा ओडारचौर क्षेत्र र बागलुङ बेनी राजमार्गको ७४ फिट सम्मको क्षेत्रमा घरबाटो सिफारिस प्रति सिफारिस साथै नँया थपिएका वडा मा रहेका कार्यपालिकावाट तोकिएकका मुख्य सडकको दाया बाँया । | १,०००।- |



अनुसूची १
(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

| | | |
|---|---|---|
| ३६. | माथि उल्लेख भए वाहेकका सवै ग्रामीण सडक संग जोडिएका क्षेत्रको घरवाटो शिफारिस प्रति सिफारिस । | ७००।- |
| ३७. | ग्रामीण क्षेत्रका अन्य घरबाटो सिफारिस प्रति सिफारिस | ५००।- |
| ३८. | संस्था दर्ता शिफारिस | १,०००।- |
| ३९. | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी शिफारिस | १,०००।- |
| ४०. | घर कायम शिफारिस | ५००।- |
| ४१. | होमस्टे निवेदन | १००।- |
| ४२. | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिसहरुमा | ३००।- |

*नोट:- नगर क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचय-पत्र सम्बन्धी, आर्थीक अवस्था कमजोर भई नि:शुल्क उपचार सम्वन्धि सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी शिफारिसहरुमा शिफारिस दस्तुर छुट दिईनेछ ।*

**एफ.एम. रेडियो सञ्चालन सम्बन्धी सेवा शुल्क**

एफ.एम रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ संग सम्बन्धित एफ.एम. रेडियो दर्ता नविकरण तथा दण्ड जरिवाना सम्बन्धमा देहाय वमोजिम सेवा शुल्क लगाईने छ ।

क. दर्ता शुल्क रु १,०००।- एक हजार रुपैया मात्र ।
ख. नविकरण शुल्क रु ५००।- पाँच सय रुपैया मात्र ।
ग. दण्ड जरिवाना रु २००।- दुई सय रुपैया मात्र ।
घ. प्रतिलिपि दस्तुर रु १,०००।- एक हजार रुपैया मात्र

**व्यक्तिगत घटना दर्ता शुल्क**

व्यक्तिगत घटना दर्ता ऐन २०३३ र नियमावली २०३४ वमोजिम नगरक्षेत्र भित्रका देहाय वमोजिमका घटना दर्तामा देहाय वमोजिमको शुल्क लगाउने निणर्य गरियो ।

१. जन्म दर्ता रु ५०।- २. मृत्यु दर्ता रु ५०।-

३. विवाह दर्ता रु ५०।- ४. बसाई सराई दर्ता रु ५०।-

***पुनश्च:*** घटना दर्ताको हकमा घटना घटेको ३५ दिनभित्र कुनै शुल्क लाग्ने छैन ।

७. **पार्क प्रवेश शुल्क** : नगरपालिका क्षेत्र भित्रका पार्कहरुमा प्रवेश गर्दा प्रति व्यक्ति प्रति दिन रु १०।- प्रवेश शुल्क लगाईनेछ । तर ५ वर्षभन्दा मुनिका वालवालिकाहरुलाई शुल्क लाग्ने छैन ।

८. **अनुमति पत्र तथा नविकरण दस्तुर:** नगर क्षेत्रभित्रका कृषि समुहहरु तथा रासायनिक मल विक्रि वितरण, जलश्रोत सम्बन्धी अनुमति पत्र तथा सिफारिश दस्तुर तथा नविकरण दस्तुर देहाय वमोजिम लाग्नेछ ।

क. कृषि समुह दर्ता

१. नयाँ रु ७००। सात सय ।

२. नविकरण रु ५००। पाँचसय मात्र ।

ख. रासायनिक मल विक्रि अनुमति पत्र:

१. नयाँ रु १,०००। एकहजार रुपैया

२. नविकरण रु ७००। सात सय ।

ग.. जलश्रोत सम्बन्धी

१. नयाँ रु १०००। सात सय ।

२. नविकरण रु ५००। पाँचसय मात्र ।

**९. एफ.एम. रेडियो दर्ता नविकरण शुल्क तथा दण्ड जरिवाना**

एफ.एम रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ संग सम्बन्धित एफ.एम. रेडियो दर्ता नविकरण तथा दण्ड जरिवाना देहाय वमोजिम हुनेछ ।

क. दर्ता शुल्क रु १,०००।- एक हजार रुपैया मात्र ।

ख. नविकरण शुल्क रु ५००।- पँचसय रुपैया मात्र ।

ग. दण्ड जरिवाना रु २००।- दुईसय रुपैया मात्र ।

घ. प्रतिलिपि दस्तुर रु १,०००।- एक हजार रुपैया मात्र

**१०. कर छुट तथा दण्ड जरिवाना,अन्य**

**१.** सम्पत्ति कर सोहि आ.व.को पौष मसान्त सम्म वुझाउने करदाताहरुलाई १० प्रतिशत छुट दिईने छ र सो आ.व.मा सो कर नवुझाउने करदातालाई सम्पत्ति





कर व्यवस्थापन निर्देशिका २०७७ वमोजिम जरिवाना लगाईने छ । सो आ.व. भित्र नवुझाएमा गतवर्षको करमा १० प्रतिशत र विगत वर्षहरुको हकमा करको दरमा एकमुष्ट २० प्रतिशत जरिवाना लाग्नेछ ।

**नोट:-** लकडाउनको कारण आ.व. ०७६।०७७ को सम्पत्ति कर समयमै बुझाउन नसक्ने भएकोले मिति २०७७।६।३१ सम्म सम्पत्ति कर बुझाउदा कुनै जरिवाना नलाग्ने ।

२. व्यवसाय कर प्रत्येक आ.व को श्रावण १ गते देखी असार मसान्त सम्म अनिवार्य भुक्तानी गर्नु पर्नेछ । आ.व. २०७७।०७८ को व्यवसायकरको हकमा २०७७ साल असोज मसान्तसम्म वुझाएमा साविक वमोजिम १० प्रतिशत छुट हुनेछ तर गत विगत आ.व.को व्यवसाय करको हकमा एकमुष्ट २५ प्रतिशत जरिवाना लाग्नेछ ।

३. बागलुङ नगर खानेपानी उपभोक्ता संस्था वा अन्य कुनै संस्था वा व्यक्तिले नगरक्षेत्र भित्रका सडक काट्नु पर्दा नगरपालिका कार्यालयको पूर्वस्वीकृत लिएर मात्र सडक काट्नु पर्नेछ । खानेपानी व्यवस्थापन वा अन्य कारणवाट सडक खाल्टा खुल्टी पारेमा वा सडक संरचना विगारेमा न्युनतम १ वर्गमिटर सम्मको रु ५,०००।- (पाँच हजार रुपैया) र सो भन्दा माथी प्रति वर्गमिटर रु १,०००।- (एक हजार रुपैया) का दरले संस्था वा व्यक्तिले जरिवाना वुझाउनु पर्नेछ ।

४. अन्य पालिकाबाट बा.न.पा आई आफनो व्यापार व्यवसाय गर्दा यस न.पा मा अनिवार्य दर्ता गर्नुपर्ने छ, । न.पा मा व्यवासाय दर्ता नगरी आफनो घर बहालमा लगाएमा वा व्यवासायीले व्यवसाय कर नबुझाएमा त्यस्ता व्यवसायीको व्यवसाय कर घरधनी स्वयं बाट असुल उपर गरीने छ ।

५. लामो समय देखी व्यवसाय बन्द अवस्थामा रहेका व्यवसायीक फर्मलाई पछील्लो, ३ आर्थिक बर्षको व्यवसायकर आ.व. २०७७।०७८ भित्र बुझाई लगत कट्टा गर्ने ।

६. यान्त्रीक पुल संचालन गरेको संस्थाले प्रतियात्रि टिकटको मुल्यको २ प्रतिशतले हुने रकम नगरपालिकालाई भुक्तानी गर्नुपर्ने ।

७. नगरक्षेत्रभित्र गाडीमा दैनिक सामान विकी गर्ने व्यवसायीलाई दैनिक पटकेकर बापत रु १,०००।- लिने ।

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

**९. धरौटी**

१. पक्की घर निर्माण ईजाजत दिदा रु प्लिन्थ एरिया ८०० वर्ग फिट सम्म भएको घरमा १०,०००।- दशहजार रुपैया

२. ८०० वर्गफिट देखि रु १,५००।- वर्गफिटसम्मको क्षेत्रफल भएको घरमा रु १५,०००।- पन्ध्र हजार रुपैया ।

३. १५०० वर्गफिट भन्दा माथिको क्षेत्रफल भएको घरमा रु २०,०००।- बीस हजार रुपैया ।

४. अस्थाई छाप्रो निर्माण ईजाजत दिदा रु ५,०००।- पाँच हजार रुपैया ।

५. नक्सापास ईजाजतका लागि निवेदन दर्तासगै सो वापतको नक्सापास दस्तुर र धरौटी रकम बुझाउनु पर्नेछ

६. निर्माण कार्य सम्पन्न भएपछि निर्माण कार्यवाट उत्पन्न फोहोरको सरसफाई वापत ५० प्रतिशतले हुने रकम कट्टा गरी वाँकी रकम फिर्ता गरिनेछ । यसरी जम्मा भएको रकमलाई छुट्टै सरसफाई कोष खडा गर्ने र उक्त रकमलाई सडक नाली सरसफाईमा खर्च गरिने छ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगरसभा अध्यक्ष
वागलुङ नगरपालिका वागलुङ

प्रमाणिकरण मिति : २०७७ साल आषाढ ३१ गते बुधवार

आज्ञाले
डण्डपाणी शर्मा
नि. प्रमुख प्रशासकीय अधिकृत